संघीय संसद

**प्रतिनिधि सभा, २०७९**

**पाँचौं अधिवेशन**

बैठक संख्या - ४

सूचनापत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

२०८१ साल माघ २७ गते आइतबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको २:४५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले क्रमशः लाङटाङ् राष्ट्रिय निकुञ्जको जङ्गलमा केहि दिनदेखि भएको आगलागीले लोपोन्मुख पशुपन्छी, जङ्गली जनावरहरु र जडिबुटीहरु जोखिममा रहेको, सल्यानको श्रीनगर महोत्सव स्टलमा भएको आगलागी सम्बन्धमा अनुसन्धान गरी दोषीलाई कडा कारवाही र पिडितलाई क्षतिपुर्ति दिनुपर्ने, जुम्लाको चन्दननाथमा लागेको आगलागीबाट ३ वटा घर जलेर करोडौको क्षति भएको, देशका विभिन्न ठाउँमा भएको आगलागीका घटनाहरुबाट हुन सक्ने सम्भावित जोखिम तथा विपद् व्यवस्थापनका लागि तीनै तहका सरकारले सहकार्य गर्नुपर्ने, सदनमा दर्ता भएको जलनसम्बन्धी विधेयक छिटो छलफल गरी पारित गरिनुपर्ने, गत वर्ष कार्तिकको दोस्रो सातामा रुकुम र जाजरकोट जिल्लामा गएको भूकम्पका पिडितले राहत स्वरुप दोस्रो किस्ता नपाएकोले तत्काल उपलब्ध गराउनुपर्ने, माघ २६ गते सिंहदरबारस्थित खानेपानी मन्त्रालयमा मन्त्रीको कार्यकक्षमा आगलागी हुँदा भएको क्षतिको जानकारी गराउनुपर्ने, चालक लगायत तल्लो तहमा कार्यरत करारका कर्मचारीहरुलाई लोकसेवा आयोगद्वारा स्थायी पदपुर्ति गरिनुपर्ने, काठमाडौंको टेकुको कवाडमा काम गर्ने मजदुरहरुमाथी महानगर प्रहरीद्वारा कुटपिट र ज्यादती भएको, रोल्पाको रुन्टिगढी गाउँपालिकामा सवारी दुर्घटनामा परी मृत्यु भएका र घाइते भएकाहरुको निःशुल्क उपचार र क्षतिपुर्तिको व्यवस्था हुनुपर्ने, सुर्खेतको भेरी नदीको पुलको लठ्ठा तान्ने क्रममा खोलामा खसेर एक जनाको मृत्यु र एक जना बेपत्ता भएको, बर्दियाको मधुवन नगरपालिकामा खेतमा काम गरिरहेको अवस्थामा चितुवाको आक्रमणमा परेर एक महिलाको मृत्यु भएको, नेपाल सरकारका मन्त्रालयका सचिवको पदमा समावेशिताको आधारमा पदस्थापन नहुने गरेको लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. माननीय अर्जुन नरसिंह के.सी.
२. माननीय ठाकुर प्रसाद गैरे
३. माननीय हित बहादुर तामाङ
४. माननीय बिन्दबासिनी कांसकार
५. माननीय अनिशा नेपाली
६. माननीय प्रभु साह
७. माननीय कान्तिका सेजुवाल
८. माननीय ईश्वरी घर्ती
९. माननीय पूर्ण बहादुर घर्ति मगर
१०. माननीय सान्ती चौधरी
११. माननीय जावेदा खातुन जागा
१२. माननीय डा० अमरेश कुमार सिंह

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. माननीय भगवती चौधरी
२. माननीय भानुभक्त जोशी
३. माननीय भीम प्रसाद आचार्य
४. माननीय मन बहादुर गुरुङ्ग
५. माननीय महेन्द्र कुमार राय
६. माननीय महेश कुमार बर्तौला
७. माननीय महेश बस्नेत
८. माननीय माधव सापकोटा
९. माननीय मिना तामाङ
१०. माननीय मेटमणि चौधरी
११. माननीय मेनका कुमारी पोखेल
१२. माननीय मैना कार्की
१३. माननीय मंगल प्रसाद गुप्ता
१४. माननीय मोहन आचार्य
१५. माननीय रघूजी पन्त
१६. माननीय रण कुमारी बलम्पाकी मगर
१७. माननीय रणेन्द्र बराली
१८. माननीय रमा कोइराला पौड्याल
१९. माननीय राजु थापा
२०. माननीय राजेन्द्र कुमार के.सी.
२१. माननीय राजेन्द्र बजगाई
२२. माननीय राम कुमार राई

२३. माननीय राम कृष्ण यादव
२४. माननीय राम शंकर यादव
२५. माननीय रामहरि खतिवडा
२६. माननीय रुक्मणी राना बराइली
२७. माननीय रुपा सो.शी. (चौधरी)
२८. माननीय रेखा शर्मा
२९. माननीय लक्ष्मी तिवरी
३०. माननीय लाल प्रसाद साँवा लिम्बू
३१. माननीय लेख नाथ दाहाल
३२. माननीय विजुला रायमाझी

तदुपरान्त भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयोः-

१. माननीय विश्व प्रकाश शर्मा
२. माननीय पदम गिरी
३. माननीय देवेन्द्र पौडेल
४. माननीय गणेश पराजुली
५. माननीय रोसन कार्की
६. माननीय प्रकाश ज्वाला
७. माननीय रन्जु कुमारी झा
८. माननीय राम प्रकाश चौधरी
९. माननीय अब्दुल खान
१०. माननीय गंगा राम चौधरी
११. माननीय प्रेम सुवाल
१२. माननीय ऋषिकेश पोखरेल

तत्पश्चात सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले "महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८१" पेश गर्नुभयो।

त्यसपछि माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२२ को उपनियम (३) बमोजिम "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१" फिर्ता लिने सम्बन्धमा प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय प्रेम सुवालले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता माननीय गृह मन्त्री रमेश लेखकले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने माननीय प्रेम सुवाललाई आफ्नो विरोधको सूचना फिर्ता लिन समय दिनुहुँदा फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात् "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम माननीय गृह मन्त्री रमेश लेखकले "नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक, २०८१" प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "नेपाल प्रहरी विधेयक, २०८१" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय सुमना श्रेष्ठ र विनिता कठायतबाट विरोधको सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय सुमना श्रेष्ठ र विनिता कठायतले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता माननीय गृह मन्त्री रमेश लेखकले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने माननीय सुमना श्रेष्ठ र विनिता कठायतलाई आफ्नो विरोधको सूचना फिर्ता लिन समय दिनुहुँदा फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनाहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "नेपाल प्रहरी विधेयक, २०८१" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचनाहरु बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम माननीय गृह मन्त्री रमेश लेखकले "नेपाल प्रहरी विधेयक, २०८१" प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "सशस्त्र प्रहरी बल, नेपाल विधेयक, २०८१"लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०५ बमोजिम माननीय सुमना श्रेष्ठ र विनिता कठायतबाट विरोधको सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात् उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने प्रस्तावक माननीय सुमना श्रेष्ठ र विनिता कठायतले विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता माननीय गृह मन्त्री रमेश लेखकले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विरोधको सूचना दिनुहुने माननीय सुमना श्रेष्ठ र विनिता कठायतलाई आफ्नो विरोधको सूचना फिर्ता लिन समय दिनुहुँदा फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनाहरुलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त "सशस्त्र प्रहरी बल, नेपाल विधेयक, २०८१" लाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचनाहरु बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १०६ बमोजिम माननीय गृह मन्त्री रमेश लेखकले "सशस्त्र प्रहरी बल, नेपाल विधेयक, २०८१" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले अर्थ समितिको प्रतिवेदन सहितको "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० माथी छलफल गरियोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहँदा सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि उक्त प्रस्तावमाथीको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले उठाउनु भएको प्रश्नको माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले जवाफ दिनुभयोः-

१. माननीय प्रेम सुवाल
२. माननीय अशोक कुमार चौधरी
३. माननीय किरण कुमार साह
४. माननीय ज्ञानेन्द्र बहादुर कार्की
५. माननीय देवेन्द्र पौडेल
६. माननीय शिव नेपाली
७. माननीय सुमना श्रेष्ठ
८. माननीय अच्युत प्रसाद मैनाली

तदुपरान्त सम्माननीय सभामुखले "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ७ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहँदा बहुमतले स्वीकृत भयो।

त्यसपछि सम्माननीय सभामुखले "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०" का सम्बन्धमा अर्थ समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ७ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहँदा सर्वसम्मतिले स्वीकृत भयो।

तत्पश्चात् सम्माननीय सभामुखले विधेयकको दफा २ देखि १० सम्म "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुहुँदै "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८१" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८१ लाई पारित गरियोस्" भनी राख्नु भएको प्रस्तावलाई सम्मानीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

तत्पश्चात् कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन सहित "राष्ट्रिय सभामा उत्पत्ति भएको विधायन विधेयक, २०८०" माथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयोः-

१. माननीय विमला सुवेदी
२. माननीय सन्तोष परियार

३.  माननीय ध्रुव बहादुर प्रधान

तदुपरान्त माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै निम्नलिखित संशोधनहरु सरकारको तर्फबाट स्वीकार गरिएको व्यहोरा जानकारी गराउनु भयो।

विधेयकको दफा २१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः

"(१) देहायका प्रत्यायोजित विधायन स्वीकृत गर्नु अघि नेपाल सरकारको मन्त्रालय वा सम्बन्धित निकायले त्यस्तो प्रत्यायोजित विधायनको मस्यौदामा कानून मन्त्रालयबाट तर्जुमा सहमति लिनु पर्नेछः-

(क) नेपाल सरकारले बनाउनु पर्ने नियम,

(ख) गठन आदेश,

(ग) प्रचलित कानून बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्ले बनाउनु पर्ने निर्देशिका वा कार्यविधि।"

तत्पश्चात् माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले जवाफ दिने क्रममा "विधायन विधेयक, २०८०" मा समावेश गर्ने गरी सरकारको तर्फबाट स्वीकार गर्नुभएको संशोधनहरुलाई स्वीकृतिको लागि सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

त्यसपछि सम्माननीय सभामुखले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले जवाफ दिने क्रममा सरकारको तर्फबाट स्वीकार गर्नुभएको स्वीकृत संशोधनहरु "विधायन विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले "विधायन विधेयक, २०८०" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा माननीय हितराज पाण्डेले नियमापत्ति गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११८ तर्फ सभाको ध्यानाकर्षण गराउनुहुँदै सङ्ख्याको दम्भमा संसदका अभ्यासहरु तोडेर सरकारले विधेयक पारित गर्न खोजेकोले विधेयकको दफा २१ मा गर्न खोजिएको संशोधन मान्य नभएको साथै एक एक दफा गरी निर्णयमा लगियोस् भन्नु भए पछि सम्माननीय सभामुखले माननीय सदस्यले भने अनुसार विधेयक सम्बन्धमा त्यस्तो अभ्यास नगरिएकोले हाललाई दफाहरुलाई समूहीकृत रुपमा निर्णयमा लानु उपयुक्त हुन्छ भन्नु भयो।

तत्पश्चात् सम्माननीय सभामुखले "विधायन विधेयक, २०८०" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

त्यसपछि सम्माननीय सभामुखले "विधायन विधेयक, २०८०" का सम्बन्धमा कानून, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३७ सम्म "विधायन विधेयक, २०८०" को अंग बनोस् भनी निर्णयार्थ निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

तत्पश्चात् सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुहुँदै "विधायन विधेयक, २०८१" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो।

त्यसपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसियाले "विधायन विधेयक, २०८१ लाई पारित गरियोस्" भनी राख्नु भएको प्रस्तावलाई सम्मानीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले पारित भयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल माघ २८ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक बेलुका ८:०५ बजे स्थगित भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव